नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्यास नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

## चाडपर्व मनाउने सम्बन्धी अत्यन्त जरुरी सूचना!

नजिकै आइरहेको नेपालीहरुको महान् चाड दीपावली, भाइटिका, छठपर्व एवम् ल्होसारको अवसरमा सम्पूर्ण जिल्लावासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनी लगायत सबैमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। हाम्रो समाजमा यस्ता चाडपर्वले माया, ममता, स्नेह, करुणा, दया, प्रेम, श्रद्धा, सम्मान एवम् सद्भावको सञ्चारमार्फत सामाजिक एकता र सौहार्दताको अभिवृद्धि गराउने भएकाले चाडपर्वको मौलिकता र सांस्कृतिक संवेदनशीलतामा ह्रास नआउने गरी सम्बन्धित सबैमा हर्षोल्हास, उमङ्ग र उत्साहका साथ चाडपर्व मनाउन आग्रह गर्दछौं। चाडपर्व मनाउने सिलसिलामा नेपाली समाजको संस्कृति, परम्परा, मर्यादा, अनुशासन विपरित नहुने गरी र छरछिमेक र समाजको समग्र शान्ति सुव्यवस्था एवम् अमनचयनमा खलल नपुग्ने गरी मनाउन समेत अनुरोध गर्दछौं। साथै चाडपर्व मनाउँदा आफ्नो सांस्कृतिक पहिचान कायम राखी बढि खर्चालु र मादक पदार्थको सेवन नगरी सभ्य, सुरक्षित, मर्यादित र अनुकरणीय ढङ्गले मनाउन अनुरोध गर्दछौं।

तिहारको अवसरमा बिहान ७:०० बजेदेखि बेलुका ९:०० बजेसम्म मात्र संयमताका साथ देउसी भैलो लगायतका नाचगान कार्यक्रम सञ्चालन गर्न/गराउन, तास, कौडा, लङ्गुरबुर्जा जस्ता जुवाजन्य खेलहरु नखेल्न/नखेलाउन, राजमार्ग/सडकको बीचभागमा एवम् अस्पताल नजिक देउसी भैलो नखेल्न/नखेलाउन साथै पटका, आतिसबाजी जस्ता राज्यले निषेध गरेका विष्फोटक एवम् प्रज्वलनशील पदार्थको ओसार-पसार, बिक्री वितरण एवम् प्रयोग नगर्न पनि यसै सूचना मार्फत सबैलाई जानकारी गराउँदै यदी कोही कसैले यो सूचनाको अवज्ञा हुने गरी कानून विपरितका गतिविधिहरु गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुने व्यहोरा समेत जानकारी गराउँदछौं। साथै, दीपावलीको समयमा दियो, मैनबत्ती बाल्ने एवम् विद्युतीय उपकरणको प्रयोग अधिक प्रयोग हुने हुँदा विपद्जन्य घटना घट्न सक्ने जोखिम रहेकाले सो सम्बन्धमा समेत सचेत रहन सम्बन्धित सबैमा यसै सूचना मार्फत अनुरोध गर्दछौं।

मितिः २०७९ कात्तिक ६ गते

२०७९/०७/०६

(रामहरि शर्मा)
प्रमुख जिल्ला अधिकारी